


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

लिङ्ग पहिचान गरी भ्रुणहत्या गर्नु अपराध हो।
त्यस्तो दुष्कर्म कसैले नगरौं, नगराऔं।
छोरा र छोरी दुवैको जीवन सुरक्षित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २२ ❑ अङ्क २७८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ कार्तिक १० गते बुधबार ❑ 27 Oct. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## संविधानले दिएको जिम्मेवारी पूरा गरेर मात्र म बाहिरिन्छु- प्रन्या जबरा

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ कार्तिक**

प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबराले संविधान र कानूनले दिएको दायित्व पूरा गरेर मात्र आफू सेवाबाट बाहिरिने बताउनुभएको छ। प्रधानन्यायाधीश र न्यायाधीशहरूको बीचमा आज भएको भेटमा उहाँले आफूलाई संविधान र कानूनले प्रधानन्यायाधीशका रूपमा जिम्मेवारी दिएको र त्यो पूरा गर्न आफू सक्षम रहेको बताउनुभएको हो। प्रधानन्यायाधीश र न्यायाधीशहरूबीचको छलफलपछि सर्वोच्च अदालतका प्रवक्ता बाबुराम दाहालले प्रधानन्यायाधीशले भनेको कुरालाई उद्धृत गर्दै भन्नुभयो, "संविधान र कानूनबमोजिम नियुक्त भएको प्रधानन्यायाधीशले संवैधानिक दायित्व गर्नुपर्छ, म त्यो पूरा गर्न सक्षम छु, संविधान र कानून दिएको जिम्मेवारी पूरा गरेर म बाहिरिन्छु।"



प्रधानन्यायाधीश जबराले आफूले सेवाबाट बाहिरिनुपर्ने हो भने प्रश्न उठाइएका अरु न्यायाधीशले पनि राजीनामा दिनुपर्ने अनि आफूले राजीनामा दिने समेत छलफलमा भन्नुभएको छ।

प्रवक्ता दाहालले प्रधानन्यायाधीशले भनेको कुरा उद्धृत गर्दै भन्नुभयो, "तपाइँहरूले भने जसरी म बाहिरिनु राजी छैन, यदि सेवाबाट मैले राजीनामा दिनुपर्ने हो भने जुन-जुन श्रीमानूका विषयमा प्रश्न उठेको छ उहाँहरूले पनि राजीनामा दिए म पनि राजीनामा दिन तयार छु।" प्रधानन्यायाधीश राणाले न्यायाधीशहरूलाई संविधान र कानूनबमोजिम आ-आफ्नो जिम्मेवारी पूरा गर्न आग्रहसमेत गर्नुभएको छ। सर्वोच्च अदालतमा हिजो र आज पेशी तोकिए पनि बेन्च बस्न नसक्दा मुद्दाको सुनुवाइ हुन सकेको छैन। जसले गर्दा पालोमा टाढाटाढाबाट आएका सेवाग्राही मर्कामा परेका छन्।

प्रधानन्यायाधीशसहित न्यायाधीशहरूको पूर्ण बैठक (फुलकोर्ट) सोमबार बस्ने भनिए पनि न्यायाधीशहरू उपस्थित नभएका कारण बस्न सकेन। प्रधानन्यायाधीशमाथि मन्त्रिमण्डल विस्तारमा भाग खोजेको भन्ने आरोपका कारण न्यायालयमा प्रश्न उठेको र उक्त प्रश्नको जवाफको माग गर्दै न्यायाधीशहरू पूर्ण बैठकमा नगएपछि बैठक बस्न सकेको थिएन। बुधबार फेरि प्रधानन्यायाधीश र न्यायाधीशहरूबीच छलफल हुनेछ।

## जग्गा बाझो राखी बैंकबाट ऋण लिने परिपाटीको अन्त्य गर्न मन्त्री बरालको आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ कार्तिक**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले जग्गा बाझो राखी बैंकबाट ऋण लिने परिपाटीको अन्त्य गर्नुपर्ने बताउनु भएको छ। पोखरा २२ स्थित फेवा टोल विकास संस्था तथा पात्ले सिम्ले लामडाँडाले विहिबार आयोजना गरेको शुभकामना आदान प्रदान तथा भेटघाट कार्यक्रममा बोल्दै मन्त्री बरालले उक्त कुरा बताउनु भएको हो।

पछिल्लो समयमा पर्यटकीय महत्व राख्ने स्थानहरुमा शहर बजारका केही टाठाबाठा एवं हुनेखाने व्यक्तिहरुले गाँउ गाँउका डाँडा पाखा खरिद गरी त्यसै बाजो राखी बैंकबाट ऋण असुली गर्दै आएको सन्दर्भमा मन्त्री बरालले स्थानियको अनुकुलमा उक्त जग्गा उपभोग गर्न गराउन सुझाव दिदै पुनः बाँकी रहेको जग्गा बाहिर मानिसहरुलाई बिक्रि नगर्न आग्रह गर्नु भयो। उहाँले भन्नु भयो "अब बाझो जग्गा राखेर गाउँमा उत्पादन बढाउन सकिदैन, भएको जग्गा अर्को व्यक्तिलाई बिक्रि गरेर गाँउको आर्थिक विकास र समृद्धि



हासिल गर्न सकिदैन, केही स्वर्ग जस्ता गाँउ हाल बस्ती हिबिन हुन पुगेका छन्।" बाझो जग्गा राखेर बैंकबाटै एकले अर्कोलाई चर्को मुल्यमा जग्गा कारोवार गर्ने तर गाँउको उक्त जग्गामा पर्यटकीय गतिविधि नगर्ने उपर अब स्थानियले सोच्नुपर्ने समय आएको मन्त्री बरालको भनाई थियो।

फेवाताल, हिमश्रृखला, पोखरा सहितको दृश्यावलोकनको निकै रमणिय स्थल सिम्ले,पात्ले क्षेत्रका स्थानियलाई तत्काल गाँउ नछाड्न आग्रह गर्दै मन्त्रीले उक्त क्षेत्रमा सामुहिक रुपमा व्यवसायीक कृषि खेति गर्न सुझाव दिनु भयो। सुत्केरी महिलालाई समेत उपचार गर्न घण्टौं लाग्ने र हाल एम्बुलेन्स सेवा समेत संचालन हुने अबस्था नभएकोमा उक्त क्षेत्रमा कम्तिमा एम्बुलेन्स सेवा संचालन हुने गरी बाटो स्तरोउन्नती गर्न बिषेश पहल गर्ने मन्त्री बरालले बताउनु भयो। पोखरा २२ का वडा अध्यक्ष मित्रलाल बरालले सिम्ले, पात्ले, अनदु क्षेत्र पर्यटकीय महत्वले निकै रमणयि भए पनि विकासमा पछि परेको बताउनु भयो। वडामा कम बजेट हुदा आफुहरुले चाहेर पनि विकास गर्न नसकेको उहाँले बताउनु भयो। वडा सदस्य मात्रिका बरालले कोरोना बिरुद्धको खोप लगाउन अझै धेरै घरमा छुटेकोले सम्बन्धित ठाँउमा पुगेर खोप लगाउन आग्रह गर्नु भयो।

नेकपा माओबादी केन्द्रपोखरा २२ का वडा कमिटिका अध्यक्ष चण्डीका प्रसाद बरालले सिम्ले पात्ले क्षेत्रमा जनताको लागि अहिलेको पहिलो आवश्यकता भनेको सडक बाटो नै रहेको बताउनु भयो। स्थानिय धुर्वराज बरालले फेवाताल र पोखराको मुख्यबजारबाट नजिक भयर पनि आफ्नो गाँउ ठाँउ पिछडिएको गुनासो गर्नुभयो।

फेवा हिमालयन पर्यटन मार्ग बाटो निर्माण समितिका अध्यक्ष दण्डपाणि बरालले ६७ घर परिवार मध्य बाटोको कारण हाल ५० प्रतिशत स्थानिय बिस्थापित भएको दाबी गर्नु भयो। फेवा टोल विकास संस्थाका अध्यक्ष भिमलाल बरालको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा संस्थाका सचिव कृष्ण कुमार बराल, पात्ले सिम्ले लामडाँडा पोखरा सम्पर्क समाजका अध्यक्ष सु.मे.गज बहादुर गुरुङ, समाजका सचिव होतराज बराल लगायतले उक्त क्षेत्रमा कम्तिमा एम्बुलेन्स सेवा संचालन हुने गरी तत्काल बाटो स्तरोउन्नती गर्न आवश्यक भएको माग गरे।

## कार्तिक पहिलो साता परेको बर्षाले कास्कीमा करोडौंको क्षति

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ कार्तिक**

कार्तिक पहिलो साता परेको बर्षाले कास्कीमा पनि करोडौंको क्षती भएको छ।

कार्तिक महिनाको पहिलो साता परेको हावा हुरी सहितको बर्षाले गर्दा कास्कीमा करिब ९ करोड मुल्य बराबरको धान वालीमा मात्र क्षति भएको कृषि ज्ञान केन्द्र कास्कीले जनाएको छ।

कास्कीमा करिब १ सय १० हेक्टर क्षेत्रफलमा लगाएको धानवालीमा क्षती पुग्दा उक्त मुल्य बराबरको धानवालीको क्षती भएको कृषि ज्ञान केन्द्र कास्कीका प्रमुख शालिकराम अधिकारीले बताए। कास्कीमा १ हजार १ सय ३३ हेक्टर क्षेत्रमा धानवाली हुने भए पनि ३ सय ४३ हेक्टर क्षेत्रमा बेमौसममा आएको बर्षाले यस बर्ष धान वालीलाई क्षति पुगे उनले बताए। ढिलो पाक्ने धानमा हावा हुरीले धान ढलाए पनि फल लगाई सकेकोले ढलेको धानमा किसानलाई धान काट्न र व्यबस्थापन गर्न कठिन भए पनि धेरै क्षति भने नभएको उनले जनाए। कास्कीमा हाल प्रारम्भिक अध्ययन अनुसार करिब ९ करोड मुल्य बराबरको धानवालीको क्षती भएको प्रमुख अधिकारीले दाबी गरे। उनका अनुसार छिटो पाक्ने र टारी खेतको धान केही ठाँउमा दशैं पर्व लगतै काटेका किसानको लगातार ४/५ दिन परेको बर्षाले गर्दा धानवालीमा क्षति पुगेको हो।

गण्डकी प्रदेशको राजधानि पोखरामा प्रायः जेठोबुढो, पहेले लगायतको धान उत्पादन हुने गरेको छ भने कास्कीका अन्य ग्रामिण भेगमा मनसुली, लोकनाथ, मनसुली, रामधान, राधा सात लगायतका जातको धान उप्तादन हुने गरेको छ। अन्य बर्षको तुलनामा यस बर्ष लगातार जसो पानी परेकोले धान उत्पादन बढ्ने अपेक्षा परे पनि धान थन्काउने समयमा लगातार पानी परेको कारण कास्की सहित देश भरी धेरै ठाँउमा धानवलीमा ठुलो क्षती पुगेको छ। सकि नसकि बर्ष भरी खाने भनेर ऐचोपैचो गरेर धान रोपेका केही किसान बेमौसमको बर्षाले गर्दा हाल निकै ठुलो मारमा परेका छन्।

कास्कीमा गत बर्ष ७९ हजार ४ सय ३७ मेटिक्टन धान उत्पादन भएको थियो। कास्कीमा २५ हजार ६ सय २५ हेक्टर क्षेत्रफलमा धान खेति गर्दा उक्त मेटिक्टन धान उत्पादन भएको हो। हाल पोखरा सहितका कास्कीको केही पहाडी भेगमा धान काटन सुरु भएको छ।

## मुलुकको विकासका लागि एमाले बलियो हुनुपर्छः सचिव गुरुङ

**पोखरापत्र संवाददाता**
**लमजुङ, ९ कार्तिक**

नेकपा एमालेका सचिव पृथ्वीसुब्बा गुरुङले मुलुकको विकासका लागि एमाले बलियो हुनुपर्ने बताउनुभएको छ।

नेकपा एमाले मध्यनेपाल नगरपालिका कमिटीद्वारा आज आयोजित प्रथम नगर अधिवेशन कार्यक्रममा उहाँले मुलुकको विकास समृद्धिका लागि एमाले सशक्त र बलियो हुनुपर्ने बताउनुभएको हो।

गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्रीसमेत रहनुभएका नेता गुरुङले आफ्नो नेतृत्वको सरकारले अघि बढाएको महत्वपूर्ण योजना वर्तमान सरकारले खारेज गरेर देश र जनताको उपलब्धि हुन नदिएको आरोप लगाउनुभयो। उहाँले राष्ट्रिय पूँजीको निर्माण नगरेसम्म मुलुक आत्मनिर्भर हुन नसक्ने उल्लेख गर्दै मुलुक आत्मनिर्भर नभएसम्म समाजवाद व्यवहारिक कार्यान्वयन हुन नसक्ने बताउनुभयो।

उहाँले नेकपा एमाले सुन्दरबजार नगरकमिटीको प्रथम अधिवेशनको समेत उद्घाटन गर्नुभएको थियो।

## पुरिएर महिलाको मृत्यु

**पोखरापत्र संवाददाता**
**कास्की, ९ कार्तिक**

पोखरामा निर्माणाधीन घरको जगको खाल्डोमा सोलिङ गर्ने क्रममा खाल्डाको भित्ता भत्किँदा पुरिएर मंगलबार एक महिलाको मृत्यु भएको छ।

मृत्यु हुनेमा सिन्धुली ठूला गाउँ घर भई हाल पोखरा-११ फूलबारी डेरा गरी बस्ने ४१ वर्षीया आइती माया थोकर रहेको प्रहरीले जनाएको छ।

पोखरा महानगरपालिका-११ काँहुडाँडास्थित एक निजी घरको जगको खाल्डोमा सोलिङ गर्ने क्रममा भित्ता भत्किँदा पुरिएर गम्भीर घाइते हुनुभएका थोकरको उपचारका क्रममा मणिपाल शिक्षण अस्पतालमा मृत्यु भएको गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराका प्रहरी वरिष्ठ उपरीक्षक मोहनप्रसाद पोखरेलले जानकारी दिनुभयो।

घटनालगत्तै प्रहरी टोली घटनास्थलमा खटिई घटनाको विषयमा अनुसन्धान गरेको प्रहरीले जनाएको छ।




**सुक्तिसुधा**

सबैको निन्दा सुन तर आफ्नो फैसलालाई भने गोप्य नै राख ।

- शेक्सपियर

## सम्पादकीय

# प्रणाली नसुध्रि न्यायाधीश सच्चिदैन

प्रधानन्यायाधीश चोलेन्द्र शंशेर जवरा र न्यायाधीशहरूबीचको झगडा वारपारको स्थितिमा पुगेको छ । दुई दिनदेखि सर्वोच्चका न्यायाधीशहरूले इजलास बहिष्कार गरेका छन् । नेपाल वार एसोसिएसन भन्दा चर्को रुपमा न्यायाधीशहरू देखिएपछि बार एसोसियसनले प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले तत्काल राजीनामा नदिए देशभर आन्दोलन गर्ने चेतावनी दिएको छ । देशभरका बार इकाई मार्फत आन्दोलन घोषणा गर्ने बारको मंगलबार साँझ सम्पन्न बैठकले निर्णय गरेको छ । प्रधानन्यायाधीश राणा एकपछि अर्को विवादमा तानिएको र विवादका कारण न्यायपालिकाको प्रतिष्ठा र गरिमामा आँच आएको बारको निस्कर्ष छ । प्रधानन्यायाधीश राणा सडकबाट राजिनामा माग्दैमा नदिने बताएका छन् ।

प्रधानन्यायाधीश राणाबाट अब संवैधानिक दायित्व पूरा हुन नसक्ने र अहिलेको विकराल परिस्थितिलाई राणाले समाधान गर्न नसक्ने भन्दै राजीनामाको विकल्प नभएको बारको ठहर छ । न्यायपालिकामा राजनीतिक हस्तक्षेप बढ्दै जानुमा न्यायाधीशको संसदीय सुनुवाई सम्बन्धी व्यवस्था, संवैधानिक परिषद्मा प्रधानन्यायाधीशको संलग्नताको व्यवस्था, न्याय परिषद्को संरचना सम्बन्धि व्यवस्था लगायत जिम्मेवार रहेको बारले जनाएको छ।राजनीतिक दलर प्रणालीमा सुधार नगरी एउटाले राजिनामा दिएर न्यायलयको गिरेको साख माथि उठ्दैन ।

संविधान संशोधन गरी न्यायपालिकामा कार्यपालिका, व्यवस्थापिका र राजनीतिक दलहरूको हस्तक्षेप नहुने व्यवस्था गर्न नेपाल सरकार, संसद तथा राजनीतिक दलहरूलाई आह्वान गरेको छ । बारले ढिलै भए पनि न्यायलयलाई राजनीतिक हस्तक्षेपबाट जोगाउने उपाएको खोजीमा लागेको छ । प्रधानन्यायाधीशलाई कार्यपालिकामा भाग दिने र न्यायाधीशहरूलाई मानपदवीसमेत दिई न्यायपालिकाको स्वतन्त्रता र निष्पक्षतामा प्रभाव पार्न खोज्ने सरकार र राजनीतिक दलहरूको कार्यको बारले निन्दा गरेको छ । हिजो अदालतलाई दलले कमजोर बनाउन खोज्दा नबोल्ने अहिले दुई कदम अघि मच्चिएको छ ।

मंगलबार १५ न्यायाधीशहरूले पनि प्रधानन्यायाधीशलाई भेटेर राजीनामा माग गरेका छन् । तर न्यायाधीशहरूसँग प्रधानन्यायाधीश राणाले राजीनामा नदिने अडान लिएका थिए । राणाले राजीनामा नदिएसम्म इजलास नबस्ने न्यायाधीशहरूले संकेत गरेका छन् । दुई दिनदेखि सर्वोच्च अदालतमा कुनै पनि मुद्दाको सुनुवाइ हुन सकेको छैन । बुधबार पनि यस्तै हुने देखिएको छ । साढे ११ बजे न्यायाधीशहरूले छलफल गर्ने भएका छन् । सबै आ-आफ्नो मर्यदामा नबस्दा यो अवस्था आएको हो । सबैले आफ्नो जिम्मेवारी पुरा गर्ने हो भने दुरी घट्छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सहयोग मिल्नेछ |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : शारीरिक झमेला | धनु | : कार्यमा सफलता |
| कर्कट | : व्यापारमा लाभ | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : मानसिक तनाव |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्भनुहोस् ।


# वन मुद्दाका फरार प्रतिवादी तीन वर्षपछि पक्राउ

पोखरापत्र संवाददाता

दमौली, ९ कार्तिक

वन मुद्दामा जिल्ला अदालत तनहुँबाट सजाय पाएका एक फरार प्रतिवादी पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा साविक किहुँ गाविस हाल भिमाद नगरपालिका-१ बस्ने ६५ वर्षीय गञ्जसिं सोती थापामगर रहेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ । थापामगरलाई मंगलबार पक्राउ गरी आवश्यक कारबाहीका लागि जिल्ला अदालतमा पेश गरिएको प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सिनाले जानकारी दिनुभयो । जिल्ला अदालतले विसं २०७५ चैत १२ गते थापामगरविरुद्ध दुई महिना पाँच दिन कैद र रु दुई लाख ३३ हजार जरीवानाको फैसला सुनाएको थियो ।

# बेनीका सिसिटिभी बेकामे

रासस

म्याग्दी, ९ कार्तिक

म्याग्दीको सदरमुकाम बेनी बजारमा जडान गरिएका सिसिटिभी क्यामेरा नियमित मर्मत नहुँदा बेकामे भएका छन् ।

सरोकारवालाको बेवास्ता र विवादका कारण बेनी बजारका विभिन्न चोकमा जडान गरिएको सिसिटिभी क्यामेरा देखाउनका लागि सीमित भएको छ ।

बिग्रिएर काम गर्न छाडेको डेढमहिना हुँदासम्म मर्मत भएको छैन् । बजारका १७ ठाउँमा राखिएको सिसिटिभी क्यामेराको कन्ट्रोल रुम जिल्ला प्रहरी कार्यालयमा छ ।

हाल दुई वटा मात्र सिसिटिभीले काम गरेको छ । विद्युतका खम्बामा राखिएका सिसिटिभी क्यामेरा तार चुँडिने, जल्ने, टुट्ने भएर बिग्रिएका हुन् । प्रहरी नायब उपरीक्षक श्यामकुमार राइले सिसिटिभी क्यामेराले काम नगर्दा बजार क्षेत्रमा अपराध अनुसन्धान, दुर्घटना न्यूनीकरण र बजार ब्यवस्थापनमा समस्या भएको विभिन्न सार्वजनिक कार्यक्रममा उठाउँदै आउनुभएको छ । "नगरपालिका, प्रशासन, प्रहरी सहितको बैठकको निर्णय अनुसार उद्योग बाणिज्य संघका अध्यक्षको नेतृत्वमा गत साउनमा मर्मत भएको सिसिटिभी बिग्रीएको डेढ महिना भयो," उहाँले भन्नुभयो "प्राविधिकले मर्मत वापतको रु. एक लाख चालिस हजार भुक्तानी नपाएर मर्मतलाई निरन्तरता दिन नसकेको गुनासो गर्छन् । सुरक्षासँग सम्बन्धित यस्तो संवेदनशिल विषयमा किन बेवास्ता गरिएको हो ?" बेनीमा केही समययता सवारी साधन चोरीका घटना बढेका छन् । सवारी दुर्घटना, चोरी, बजार ब्यवस्थापन र निगरानी गर्न प्रहरीलाई सिसिटिभिले सहयोग गरेको थियो । पाँच वर्षअघि म्याग्दी उद्योग बाणिज्य संघको अगुवाइमा बेनीमा सिसिटिभी जडान भएको थियो । सिसिटिभी क्यामेराको सहायताले बजारको विभिन्न चोक र संवेदनशिल क्षेत्रमा भएका गतिविधिलाई निगरानी गरिएको थियो ।

बेनी नगरपालिकाले गत आर्थिक वर्षमा बजारको सिसिटिभी क्यामेरा ब्यवस्थापन गर्न रु. एक लाख पचास हजार बिनियोजन गरेपनि कार्यान्वयन भएन् । वडा, नगरपालिका, उद्योग वाणिज्य संघ र प्रहरी कार्यालय मध्य कसले मर्मत गर्ने भन्ने विवादले गत वर्ष कार्यान्वयन नभएको बजेटलाई यस वर्ष पनि निरन्तरता दिएको छ ।

नयाँ आर्थिक वर्षको शुरुमै म्याग्दी उद्योग वाणिज्य संघ मार्फत मर्मत गरेर बेनीका सिसिटिभी नियमित सञ्चालन गर्ने सहमति भएको थियो । संघका अध्यक्ष बेलबहादुर कटुवालले सहमति अनुसार प्रहरीको सहयोगमा प्राविधिक खगेन्द्र खत्रीले बजारका सबै सिसिटिभी क्यामेरा मर्मत गरेर सञ्चालन गर्नुभएको थियो । "प्राविधिकले काम गरेको भुक्तानी पाएपछि बिग्रिएको सिसिटिभी मर्मत गर्ने प्रतिबद्धता जनाएका छन्", उहाँले भन्नुभयो "सिसिटिभी नियमित मर्मत र सञ्चालन गर्ने जिम्मेवारी स्पष्ट नहुँदा समस्या भएको हो ।" बेनी नगरपालिकाका प्रमुख हरिकुमार श्रेष्ठले वडा कार्यालय र उद्योग वाणिज्य संघले जिम्मेवार भएर काम नगरेकाले सिसिटिभी मर्मत र सञ्चालनमा समस्या देखिएको बताउनुभयो । "नगरपालिकालेप्राविधिकसँगगरेको सम्झौता अनुसार कामको मुल्याङ्कन र बिलको आधारमा भुक्तानी दिन्छ", उहाँले भन्नुभयो "एकै ठाउँमा राखेर छलफल गर्न खोज्दा नआउने उहाँहरूबीचको स्वार्थले सिर्जना गरेको समस्यामा नगरपालिकालाई दोष दिएर जिम्मेवारी र दायित्वबाट पन्छिन मिल्दैन् ।"

सम्झौता अनुसार प्राविधिक मूल्याङ्कन गरेर भुक्तानीको प्रक्रिया अघि बढाउन कर्मचारी तथा सिसिटिभी मर्मत गर्न जिम्मा लिएका प्राविधिकलाई निर्देशन दिएको नगरप्रमुख श्रेष्ठले बताउनुभयो ।

# पर्यटकलाई स्वागत गर्न भ्याइनभ्याइ छ सिक्लेसीलाई

-वासुदेव पौडेल

गण्डकी, ९ कार्तिक (रासस)

कास्कीको पर्यटकीय गाउँ सिक्लेसस्थित होटेल सिक्लेस गेष्ट हाउसका सञ्चालक सुरेन्द्र गुरुङलाई असोजको दोस्रो सातायता पर्यटकलाई स्वागत गर्न भ्याइनभ्याइ छ ।

कोरोना करहका कारण लामो समय सुनसान जस्तै बनेको सिक्लेसमा देशका विभिन्न स्थानबाट पर्यटक आउन थालेसँगै यतिखेर यहाँका पर्यटन व्यवसायी हर्षित छन् । विभिन्न सङ्घ संस्थाका साथै व्यक्तिगत रूपमा आउने पर्यटकले सिक्लेसमा सञ्चालित २३ होटेल तथा २० होमस्टे प्रत्येक दिन भरिने गरेको उहाँले जानकारी दिनुभयो ।

महामारीबाट लामो समयसम्म घरमा नै रहन बाध्य मानिस यतिखेर प्रकृति र संस्कृतिले भरिएका गाउँठाउँमा पुग्ने गरेका कारण पर्यटकीय चहलपहल बढेको हो । पछिल्लो समय सिक्लेस कला, संस्कृति र अनुपम प्रकृतिका कारण स्वदेशी एवं विदेशी पर्यटकको आकर्षण गन्तव्य बन्दै गएको छ ।

गुरुङ कला संस्कृतिको जीवन्त अनुभव गर्न पाइने समुद्री सतहबाट दुई हजार मिटर उचाइमा रहेको यो गाउँ लमजुङ हिमालको काखमा लुटपुटिएको छ । वरिपरिको हरियो वनजङ्गलका कारण सिक्लेसमा चरा र वन्यजन्तुप्रेमी रमाउने गरेका छन् । यहाँबाट नजिकै देखिने लमजुङ हिमाल र अन्नपूर्ण दोस्रो हिमालले जो कोहीलाई लोभ्याउने गरेको छ ।

लगभग चार सय कुरिया घरधुरी रहेको सिक्लेस नेपालकै ठूलो गुरुङ गाउँ हो । यातायातका साधनहुँदै पोखराबाट लगभग चार घन्टाको यात्रामा पुग्न सकिने सिक्लेसमा ढुङ्गाले छाएको एवं छापिएको गुजुमुच्च तर अत्यन्त सफा र सुन्दर नमूना बस्ती देख्न पाइन्छ । स्थानीय जनताको जागरुकतासँगै सरसफाइमा निकै ध्यान दिइएका कारण बाटाघाटा तथा घर तथा चोकमा प्लास्टिक तथा कागज केही नभेटिनु यहाँको विशिष्टता हो । "दुई सुरु हुनु अगावै असोजको दोस्रो साताबाट सिक्लेसमा पर्यटकको चाप बढेको छ", सिक्लेस होटल व्यवसायी समितिका अध्यक्ष समेत रहनुभएका गुरुङले भन्नुभयो, "त्यसयता यहाँका होटेल तथा होमस्टे सबै दिनहुँ पर्यटकले भरिएका छन् ।"गुरुङ जातिको कला तथा संस्कृतिको जीवन्त सङ्ग्रहालय जस्तै बनेको यहाँबाट गुरुङ जातिको अन्तिम राज्य क्होलासोँथर एक दिनमा पुग्न सकिने भएका कारण पछिल्लो समयमा गुरुङ जातिको अध्ययन तथा अनुसन्धानका लागि पनि स्वदेशी एवं विदेशी अनुसन्धाता सिक्लेस आउने गरेका छन् ।

यहाँबाट कफुचे हिमतालका साथै कोरिसम्म पदयात्राका लागि पनि पर्यटक जाने गरको सिक्लेस युवा क्लबका पूर्व सचिव एवं सल्लाहकार देवीजङ गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार गुरुङ संस्कृतिको अध्ययनका लागि यहाँस्थित सिक्लेस ईको म्युजियम पनि महत्वपूर्ण गन्तव्य बनेको छ । म्युजियमका साथै गाउँकोमाथि रहेको पार्कमा पर्यटक रमाउने गरेको उहाँले जानकारी दिनुभयो ।

सङ्ग्रहालयमा गुरुङ संस्कृतिको वेशभूषा, रहनसहन तथा परम्परालाई जीवन्त रूपमा झल्काउने सामग्री देख्न सकिन्छ । सङ्ग्रहालयमा सिक्लेस क्षेत्रमा पाइने अत्यन्त महत्वपूर्ण कुट्की, कुरिलो, सतुवा, विष, जटामसी, सिल्टीमुर, पाँचऔंले र यार्सागुम्बाजस्ता जडीबुटीका बारेमा यहाँ पुग्ने पर्यटकले अभिरुचिपूर्वक जानकारी लिने गरेका छन् । पर्यावरणीय संरक्षणका लागि सुमय समयमा हुने गरेका विभिन्न महोत्सवका कारण यहाँका स्थानीयवासीमा पर्यावरणलाई जोगाउनुपर्छ भन्ने भावना जगाएको पाइन्छ । सिक्लेसको कला, संस्कृति र प्रकृतिप्रति बढ्दै गएको पर्यटकीय आकर्षण र यहाँ पर्यटकको बसाइँलाई लम्ब्याउन गाउँमाथि निर्मित सिक्लेस पार्क पर्यटकको बसाइँ लम्ब्याउनका लागि बहुउपयोगी बनेको गुरुङले जानकारी दिनुभयो ।

सिक्लेसमा खान-बस्नका लागि स्थानीय बासिन्दाले सञ्चालन गरेका घरबास (होमस्टे) तथा होटल उपलब्ध छन् । होमस्टे सञ्चालकले यहाँ आउने पर्यटकलाई लक्षित गरी प्याकेज तय गरेको होमस्टे सञ्चालक पदम गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार प्योकजमा साँझको खाजा, बेलुकाको खाना, बसाइँ र भोलिपल्ट बिहानको नास्ता तथा खानाका लागि ९०० रुपैयाँ निर्धारण गरिएको छ । पर्यटकले आवश्यक ठानेका अवस्थामा बेलुका सांस्कृतिक प्रस्तुति पनि रहने गुरुङले जानकारी दिनुभयो । पोखराबाट ४० किलोमिटर उत्तरमा रहेको सिक्लेसमा विगतमा पदयात्राबाटै मानिस पुग्ने गरे पनि अहिले पदयात्राका साथै हिँड्न नसक्ने गाडीबाट पुग्ने गरेका छन् । यहाँ जानका लागि काहुँ खोलामा जीप सहज रूपमा नै उपलब्ध हुन्छ । सवारी साधनहुँदै काँहुखोला, ढाडबैंसी, काभ्रेखोला, छाचोक, मेल्चो, थाक, तप्राङ, चिप्ली, पार्चेहुँदै सिक्लेस पुग्न सकिन्छ । यो गाउँ अन्नपूर्ण संरक्षण क्षेत्रअन्तर्गतको घलेकर्क सिक्लेस ईको ट्रेकभित्र पर्दछ । कला संस्कृति बचाउनका लागि यहाँ गरिने मेला तथा महोत्सवमा लोपोन्मुख अवस्थामा रहेका लगभग चार दशकअघिसम्म प्रचलित खेल झिभ्किली, हेकुचे, घुर्राजस्ता खेलका प्रतियोगिता गराउने गरिएको छ । संस्कृतिकै निरन्तरतास्वरुप सूचना दिने प्राचीन प्रचलन कटुवाल घोकाउने प्रथा पनि सिक्लेसमा कायमै छ । लामो समयसम्म कोरोना प्रभावित पर्यटनमा असोज दोस्रो सातायता भएको पर्यटकको आगमनले सिक्लेसी पर्यटन व्यवसायीलाई उत्साहित बनाएको उहाँले जानकारीदिनुभयो ।

# म्याग्दी र बागलुङ जोड्ने झोलुङ्गो पुल निर्माण सुरु

पोखरापत्र संवाददाता

म्याग्दी, ९ कार्तिक

म्याग्दीका बेनी नगरपालिका-१ रत्नेचौर र बागलुङको बागलुङ नगरपालिका-४ कुँडुले जोड्ने झोलुङ्गो पुलको निर्माण कार्य सुरु भएको छ ।

नेपाल सरकारको शस्पेन्सन ब्रिज डिभिजनले दुई जिल्लाको सिमानामा पर्ने ठूलो खोलामा ३८८ मिटर लामो र १०० मिटर अग्लो झोलुङ्गो पुलको निर्माण कार्य सुरु गरेको हो । रु तीन करोडको लागतमा थानी हिमशिखर जेभीले उक्त पुल निर्माण गर्न लागेको छ ।

बागलुङको बाङ्गेचौर र पर्वतको अदुवाबारी जोड्ने सांसारकै लामो झोलुङ्गेपुल निर्माण गरेको कम्पनीले नै यो पुलको काम थालेकाले समयमा काम सकिने सर्वसाधारणमा आशा पलाएको भानु माध्यमिक विद्यालय रत्नेचौरका प्रधानाध्यापक भरत खत्रीले बताउनुभयो ।

उहाँका अनुसार पुल निर्माण भएपछि एक घण्टाको बाटो पाँच मिनेटमा छोटिने भएको छ । पुलले सर्वसाधारणलाई आवतजावतमा सहज हुनुका साथै रत्नेचौरमा आन्तरिक पर्यटकको वृद्धि हुने आशा गरिएको छ । असोजको अन्तिम साता निर्माण सम्झौता गरेको कम्पनीले १० महिनामा पुल तयार गर्नुपर्ने छ । "पहिलो चरणको लेआउटको काम सकियो, अब फाउण्डेशनको काम सुरु हुन्छ", कम्पनीका प्रतिनिधि नरहरी खड्काले भन्नुभयो ।

दैनिक सयौं सर्वसाधारण ओहोरदोहोर गर्ने ठूलो खोला खोँचमा पुल बन्दा एक घण्टाको पैदल यात्रा पाँच मिनेटमा छोटिने छ । पुल निर्माणका लागि सङ्घीय सांसद भूपेन्द्रबहादुर थापा पटकपटक नेपाल सरकारको ध्यानाकर्षण गराउँदै आउनुभएको थियो । पुल दुई जिल्लाको मितेरी सिमा हुने सर्वसाधारणको आशा छ ।

पुल निर्माण पछि रत्नेचौरमा उत्पादन हुने कृषि उपजको बजारीकरण गर्न सहज हुने विश्वास स्थानीयवासीको छ ।


## राहदानी हरायो

मिति २०७८ भाद्र १५ गते पृथ्वीचोकबाट महेन्द्रपुलतर्फ आउँदै गर्दा मेरो निम्न ब्योहोराको राहदानी हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरीचौकी वा निम्न ठेगानामा सम्पर्क गर्नुहोला ।

नाम : आशिक श्रेष्ठ

ठेगाना : लेखनाथ-३, पोखरा, कास्की

पासपोर्ट नं. ११८५४७७

मो. : ९८४६०३६१५५


# पर्यटकीय रामकोट संरक्षण गरिँदै

रासस

बलेवा, ९ कार्तिक

धार्मिक गन्तव्य र पर्यटकीय क्षेत्रका रूपमा चिनिएको रामकोटमा पर्यटक भित्र्याउन आसपासका पूर्वाधार निर्माण गरिएको छ । बागलुङको काठेखोला गाउँपालिका-५ को बिहुँमा रहेको रामकोटमा त्रिपुरेश्वर महादेव मन्दिरसमेत छ । यो स्थानको संरक्षणका लागि स्तरीय सडक र होमस्टेमार्फत पाहुना राख्ने व्यवस्थापन गरिएको वडाध्यक्ष शिवप्रसाद कँडेलले बताउनुभयो ।

देवघाटधामका सञ्चालक ज्ञानानन्द सरस्वतीको जन्मस्थल भएकाले यो क्षेत्र धार्मिक रूपमा बढी प्रसिद्धि छ । यहाँको त्रिपुरेश्वर मन्दिर गण्डकी प्रदेशकै अग्लो भएको दाबी गरिएको छ । यहाँ पाँच हजार ५५५ केजीको शिवलिङ गसमेत स्थापित छ । सयौं रोपनी जमिनको क्षेत्रमा रहेको यो मन्दिर र जङ्गल तथा जङ्गली जनावरसमेत संरक्षित छन् ।

रामकोटको जङ्गलमा चितुवा, मृगलगायत जनावर र कालिजलगायत पक्षी संरक्षित छन् । अहिले उक्त मन्दिर र आश्रम रहेको स्थानमा आवादि पातालो भएकाले चोरी-सिकारी बढेको छ । प्राकृतिक रूपमा बनेको जङ्गल र बीच भागमा निर्मित मन्दिरबाट दर्जनभन्दा बढी हिमाली चुचुराहरू देखिन्छ । त्यस्तै जङ्गलसहित काठेखोला गाउँपालिकाका आठवटै वडा, बागलुङ नगरपालिका तथा पर्वतका धेरै स्थान सजिलै देखिन्छ । "पर्यटकीय दृष्टिले यो क्षेत्र धेरै राम्रो छ तर आवश्यक पूर्वाधार र तारबार हुन आवश्यक छ", वडाध्यक्ष कँडेलले भन्नुभयो, "अहिलेसम्म राज्यको केही लगानी नभएकाले भएका पूर्वाधारहरू जीर्ण भएका छन् ।" जङ्गल र जङ्गली जनावरहरू चोरी-सिकारमा परेको उहाँले टिप्पणी गर्नुभयो । वडा तहको बजेटले सयौं रोपनी जमिनलाई घेराबार लगाउन नसकिने भएकाले गाउँपालिका र प्रदेश सरकारसम्म माग गर्नुपर्ने उहाँले बताउनुभयो । "कार्ययोजना बनाएर प्रदेश तहमा माग गर्नैपर्ने भएको छ," कँडेलले भन्नुभयो, "धार्मिक आस्था र प्राकृतिक सौन्दर्य लोप भयो भने अर्बौंको सम्पत्ति नष्ट हुनेछ ।" यहाँ बसेका साधुसन्तले हातमै आहारा राखेर कालिज, परेवा र अन्य चराचुरुङ्गीलाई दिने गर्छन् ।

सयौं चराहरू मानिसझैं आएर आश्रममै बस्ने गरेकाले त्यही दृश्य हेर्न पनि धेरै पुग्ने गरेका छन् । "दस वर्षअघिको अनुभवमा धेरै सम्पदाहरू क्षयीकरण भएको पाइयो," काठेखोला-८ का सूर्य कँडेलले भन्नुभयो, "समयमा संरक्षण गरिएन भने अथाह प्रकृति लोपभएरजानेछ।"सडकनिर्माणका क्रममा रुख बुट्यान काटिएको, पहिलो नियन्त्रण गर्न नसकिएको र बहुमूल्य जडीबुटीसमेत चोरी भइरहेकोले तत्काल रोक्ने अभियान थाल्नुपर्ने उहाँले सुझाव दिनुभयो । गाउँपालिकाले यो वडालाई पर्यटन प्रवर्द्धनको गन्तव्य बनाउने योजना अगाडि सारेको छ ।

चालु वर्ष बजेट नभईकनै कार्यक्रमका रूपमा मात्र सूचीकृत गरिएकाले आगामी वर्षदेखि सम्बोधन हुने गाउँपालिकाका अध्यक्ष अमर थापाले बताउनुभयो । "वडावडाका गौरवका योजना बनाएका छौं, क्रमशः लगानी पनि गर्छौं," थापाले भन्नुभयो, "स्थानीय बजेटले नभ्याउने कार्यक्रमको हकमा सङ्घ र प्रदेश सरकारमा माग गर्ने सोचाइ छ ।" पर्यटकीय क्षेत्र भएकाले नेपाल पर्यटन बोर्डको समेत लगानी ल्याउनका लागि प्रस्ताव लेखन गर्ने उहाँले बताउनुभयो ।

यो क्षेत्रकै छेउमा शिवधुरी, घोडाबाँधे, गाजा दह र धनजामा समेत पर्यटनका कार्यक्रम सञ्चालन गर्ने गाउँपालिकाको योजना छ । गाउँपालिकाको पहलमा यहाँ नजिकै दुईवटा होमस्टे प्रवर्द्धन गरिएको छ । शिवधुरी होमस्टेले शिव मन्दिरको प्रचारसमेत गरेको छ । "होमस्टे बसेका पाहुनालाई बिहान रामकोट शिवमन्दिर जाने सल्लाह दिन्छौं," स्थानीय दुर्गा गैरेले भन्नुभयो, "बिहानी दृश्यावलोकनका लागि पनि यो क्षेत्र आकर्षक छ ।"

# लोपोन्मुख संस्कृति संरक्षणका लागि पञ्चेबाजा वितरण

– तोलाकान्त बगाले

वालिङ, ९ कार्तिक

स्याङ्जाको गल्याङ नगरपालिकाले लोपोन्मुख संस्कृति संरक्षणका लागि पञ्चेबाजा वितरण गरेको छ। विवाह, व्रतबन्धलगायत शुभकार्यमा बजाउने गरिएको पञ्चेबाजा लोप हुन लागेकाले त्यसको संरक्षणका लागि नगरपालिकाले तीन समूहलाई पञ्चेबाजाका सेट वितरण गरिएको प्रमुख प्रशासकीय अधिकृत दामोदर शर्माले बताउनुभयो।

नगरपालिकाको बजेटअन्तर्गत प्रत्येक समूहलाई दमाहा, सहनाई र नरसिंहा दुई-दुई थान तथा ढोलक, टयाम्को, कर्नल र झ्युर्मा एक-एक थान वितरण गरिएको उहाँले जानकारी दिनुभयो। "लोपोन्मुख अवस्थामा पुगेको संस्कृति संरक्षणका लागि ध्यान दिँदै पञ्चेबाजाका सेट उपलब्ध गराएका हौं" अधिकृत शर्माले भन्नुभयो, "गाउँघरमा हुने विभिन्न मेला, पर्व, धार्मिक उत्सव तथा औपचारिक कार्यक्रममा यिनै बाजा प्रयोग गर्नका लागि जोड दिनसकेमा संस्कृति संरक्षणमा टेवा पुग्ने देखिन्छ।" परियार समुदायका व्यक्तिले बाजा बजाएरै जीवन निर्वाह गर्दै आए पनि पछिल्लो समय युवा पुस्तामा सीप हस्तान्तरण नहुनु र अन्य पेशा अगाल्ने कारणले पनि पञ्चेबाजा लोप हुने अवस्थामा पुगेकाले संरक्षणका लागि नगरपालिकाले पञ्चेबाजासहित पोशाक उपलब्ध गराएको उहाँको भनाइ थियो।

विदेशी संस्कृतिको अनुशरणले नेपाली संस्कृति ओझेलमा पर्दै गएकाले हाम्रा कला र संस्कृतिको संरक्षण गर्नका लागि स्थानीय सरकारले यसमा चासो दिएको थियो। लामो समयदेखि बाजा बजाएरै जीवन निर्वाह गर्दै आएका तीन पञ्चेबाजा समूहलाई बाजा उपलब्ध गराइएको वडासदस्य धनमाया विश्वकर्माले बताउनुभयो। "विशेष गरी विवाह, व्रतबन्धलगायत शुभकार्यमा बाजा बजाएरै दैनिक जीविकोपार्जन गर्दै आएका बाजा समूहलाई प्रोत्साहन गर्नका लागि प्रस्ताव तयार गरी नगरपालिकामा बुझायौँ" सदस्य विश्वकर्माले भन्नुभयो, "नगरपालिकाले हाम्रो प्रस्ताव सम्बोधन गरेकाले परम्परागत संस्कृति संरक्षणमा टेवा पुग्ने विश्वास लिएकी छु।" नगरपालिकाले पेलाकोट पञ्चेबाजा, कपुर्दी पञ्चेबाजा र अल्केढुङ्गे जनजाति पञ्चेबाजा समूहलाई पञ्चेबाजा उपलब्ध गराएको सदस्य विश्वकर्माले बताउनुभयो।

अल्केढुङ्गे जनजाति पञ्चेबाजा समूहलाईबाहेक अन्य दुई समूहका १५/१५ जनालाई पोशाकसमेत उपलब्ध गराइएको थियो। नगरपालिकाले उपलब्ध गराएको बाजा र ड्रेसको सही सदुपयोग गर्ने पेलाकोट बाजा समूहका अध्यक्ष जीतमान परियारले बताउनुभयो।"लोपोन्मुख अवस्थामा रहेको हाम्रो पेशाको संरक्षण र जगेर्नाका लागि नगरपालिकाले जुन सहयोग गरेको छ यसप्रति हाम्रो समूह निक्कै खुशी र आभारी पनि छ" अध्यक्ष परियारले भन्नुभयो, "आशा छ, आगामी दिनमा अझै अन्य सहयोग पनि प्राप्त हुने र यसबाट संस्कृति संरक्षणसँगसँगै हाम्रो जीविकोपार्जनको रूपमा रहेको यो कामलाई मुख्य पेशाका रूपमा अगाडि बढाउन सकियोस्।" आफ्नो समूहमा दुई जनामात्रै करिब ६० वर्ष उमेर समूहका व्यक्ति रहेकामा थप नौ युवाले पनि बाजा संरक्षणसँगै सीप सिक्दै गएका उहाँको भानाइ थियो। "विशेष गरेर लगनका बेला विवाह, व्रतबन्धलगायत शुभकार्यमा पञ्चेबाजाको माग हुने गरेको छ" अध्यक्ष परियारले भन्नुभयो, "लगनका समयमा भ्याइनभ्याइ हुन्छ, नजिक जानुपरेमा दैनिक २० देखि २५ हजार र टाढा जानुपर्ने भएमा वा समय धेरै लाग्ने भएमा ४० देखि ४२ हजारसम्म लिने गरेका छौं।"

# ट्र्याक खुलेको १७ वर्षमा पनि कालोपत्र भएन

पोखरापत्र संवाददाता

म्याग्दी, ९ कार्तिक

म्याग्दी जिल्लाको विकासका लागि 'लाइफलाइन' मानिएको बेनी-दरबाङ सडक ट्र्याक खुलेको १७ वर्ष पूरा भए पनि कालोपत्र गर्न सकिएको छैन।

निर्माण गरिएको भाग पनि पहिरो र नदी कटानका कारण थप जीर्ण बन्दै गएको छ। सडकको स्तरोन्नति र कालोपत्रका लागि चार वर्षअघि ठेक्का सम्झौता भएर प्रक्रिया अघि बढेको भए पनि ठेकेदार कम्पनीको लापर्बाही र अनुगमनकारी निकायको बेवास्ताका कारण सडक थप जोखिमपूर्ण बनेको छ। सडक स्तरोन्नति नहुँदा पश्चिम म्याग्दीका यात्रुलाई सास्ती छ। विसं २०६३ मा ट्र्याक खुलेको यो सडकको स्तरोन्नति र कालोपत्रका लागि तत्कालीन सडक डिभिजन कार्यालय बागलुङले २०७४ असोज ४ गते बेनीदेखि बाबियाचौर खण्डको १३ किलोमिटर सडक कालोपत्र गर्न समानान्तर लामा जेभीसँग रु ४५ करोड ५३ लाख ७२ हजारमा ठेक्का सम्झौता गरेको थियो। "सडक कालोपत्रको काम सुरु गरेको चार वर्ष बित्यो तर, सडकको अवस्था झन बिग्रदै गएको छ, चार वर्षमा एक किलोमिटर पनि कालोपत्र भएको छैन" बेनी-दरबाङ सडक खण्ड अन्तर्गतपर्ने सिङ्गाका नरप्रसाद पौडेलले भन्नुभयो, "हामी बाचुन्जेल यो सडक कालोपत्र हुने मैले देखेको छैन।" सडकले म्याग्दीको मङ्गला, मालिका, धवलागिरि र बागलुङको तमानखोला गाउँपालिकालाई सदरमुकाम बेनीसँग जोड्छ। ट्र्याक खुलेलगत्तै तत्कालीन विकेन्द्रित ग्रामीण पूर्वाधार निर्माण तथा जीविकोपार्जन सुधार कार्यक्रम (ड्रिलिप) ले करोडौँ खर्चेर सञ्चालन गरेको सडक सुधारको काम प्रभावकारी नभएपछि २०७४ देखि सडक डिभिजनले कालोपत्रका लागि सुरु गरेको स्तरोन्नतिको कामले पनि गति लिन नसक्दा यस क्षेत्रका बासिन्दामा निराशा छाएको छ।

यात्रु साँघुरो, खाल्डाखुल्डी, ग्रेड र मोड सुधार नभएको जीर्ण सडकमा जोखिम मोलेर यात्रा गर्न बाध्य छन्। २४ किलोमिटर दूरीको यो सडक पार गर्न तीन घण्टा लाग्छ। "३० मिनेट लाग्ने सडक पार गर्न तीन घण्टा लाग्छ", सवारी चालक शिव हुमेनले भन्नुभयो, "सडकको बेहाल अवस्थाले सास्ती खेप्नु परेको छ।" बर्खामा हिलो र हिउँदमा धुलोको हैरान हुने गर्छ। रणबाङका रामहरि पौडेलले भन्नुभयो, "हिउँदमा धुलो उडेर, बर्खामा हिलो जमेर आवतजावत गर्न गारो हुन्छ", उहाँले भन्नुभयो, "पिच बाटोमा सलल गुड्ने गाडी चढ्ने रहर सपना जस्तै भयो।" जिल्लाका पश्चिम मङ्गला, मालिका र धौलागिरि तथा बागलुङको ताराखोला, बुर्तिवाङ जोड्ने बेनी-दरवाङ सडकको पहिलो १२.५ किलोमिटर सडकलाई ११ मिटर चौडा बनाइ ७ मिटरमा कालोपत्र गर्न रु ४५ करोड ५३ लाख ७२ हजारमा ठेक्का लिएका सांसद लामा र खरेलको लामा समानन्तर जेभीले चार वर्षमा पनि यो सडकको काम तीव्रगतिमा अघि बढाउन नसकेका बेनी नगरपालिका-६ का वडाअध्यक्ष कृष्णबहादुर बानियाँले बताउनुभयो।

"यो सडक आयोजना र निर्माण व्यवसायीबाट सयौं स्थानीयवासी पीडित छन्। नियामक निकायमा दर्जनौं पटक गुहारे पनि कसैले केही गर्न सकेन। आजित भएका स्थानीयवासीले कहिले सडकमा यातायातलाई अवरोध गर्छन्, कहिले कालो पोतेर व्यवसायीको फोटो राख्छन्" वडाध्यक्ष बानियाँले भन्नुभयो।

# अन्नपूर्ण आधार शिविरको यात्रा अवधि छोटियो

पोखरापत्र संवाददाता

म्याग्दी, ९ कार्तिक

म्याग्दी स्थित आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण प्रथम हिमालको आधार शिविरको यात्रा अवधि छोटिएको छ। अन्नपूर्ण गाउँपालिका-४ नारच्याङबाट दोभान-छोटेपा हुँदै हुमखोला जोड्ने सडक निर्माण भएपछि तीन दिनको यात्रा अवधि छोटिएको हो। नारच्याङको अन्नपूर्ण युवा क्लबका अध्यक्ष श्याम पुर्जाले चार दिनको यात्रा अब दुई दिनमा छोटिएको जानकारी दिनुभयो।

"नारच्याङबाट छोटेपा र छोटेपाबाट हुमखोला दुई दिन हिँड्नुपर्ने बाटो अहिले गाडीमा दुई घण्टामा पार गर्न सकिन्छ", उहाँले भन्नुभयो "सडक यातायातको सुविधासँगै नारच्याङबाट अब बढीमा दुई दिनमा अन्नपूर्ण आधार शिविर पुग्न सकिने भएको छ।" अन्नपूर्ण हिमालको आधार शिविर छोटो दूरीको पैदलयात्रामा पुग्न सकिने सम्भवतः नेपालको पहिलो आधार शिविर भएको पुर्जाले बताउनुभयो। विसं २०६८ मा नारच्याङका बासिन्दाले आधार शिविर जोड्ने 'मौरिज हर्गोज' पदमार्गको पहिचान गरेका थिए।

पर्यटन विभागले रु दुई करोड ५० लाखभन्दा बढीको लागतमा गत आर्थिक वर्षमा हुमखोलाबाट आधार शिविर जोड्ने पदमार्गको स्तरोन्नति गरेको छ। यात्राअवधि छोटिएपछि अन्नपूर्ण आधार शिविरमा स्वदेशी तथा विदेशी पर्यटकको चहलपहल बढ्ने अपेक्षा गरिएको संरक्षण क्षेत्र व्यवस्थापन समिति नारच्याङका अध्यक्ष तेज गुरुङले बताउनुभयो। निलगिरीखोला हाइड्रोपावर प्रालि प्रवर्द्धक रहेको ३८ मेगावाट क्षमताको निलगिरिखोला जलविद्युत् आयोजनाले अक्करे पहाडमा विस्फोटक पदार्थको प्रयोग गरेर बनाएको दोभानबाट हुमखोला जोड्ने १३ किलोमिटर पहुँचमार्गले पर्यटक र स्थानीयवासीलाई समेत सुविधा पुगेको छ। यस कम्पनीले सोही ठाउँमा अर्को ७१ मेगावाट क्षमताको निलगिरि क्यासकेड जलविद्युत् आयोजना पनि निर्माण गरिरहेको छ। आयोजनाका इञ्जीनियर केशव वाग्लेले अधिकांश ठाउँमा विस्फोटक पदार्थको प्रयोग गरी अक्करे पहाड फुटाएर सडक निर्माण भएको बताउनुभयो।

"समग्रमा पाँच प्रतिशत भौतिक प्रगति भएको निलगिरि पहिलोको दुई हजार २०० मिटरमध्ये १०० मिटर सुरुङ निर्माण सकिएको छ", उहाँले भन्नुभयो, "निलगिरि क्यासकेडको बाँध र पहिलाको विद्युत्गृह निर्माण भइरहेको छोटेपामा ३० मिटर लामो बेलिब्रिज बनाएका छौं।" दश प्रतिशत प्रगति भएको निलगिरि क्यासकेडको चार हजार २०० मिटरमध्ये चारवटा अडितबाट दुई हजार २०० मिटर सुरुङ खनिएको निलगिरि हाइड्रोपावरका साइट कार्यालयका प्रमुख रतन बमजनले बताउनुभयो। निलगिरि क्यासकेडको दोभिल्नामा विद्युत्गृह निर्माण सुरु भएको छ।

रु १३ अर्ब लागत अनुमान गरिएको सन् २०२२ को डिसेम्बरमा सम्पन्न गर्ने लक्ष्य राखिएको यो आयोजना निर्माणमा करिब एक हजार मजदुर परिचालन भएका छन्। निलगिरि पहिलाको विद्युत्गृहबाट निस्कने पानी नजिकै रहने क्यासकेडमा प्रयोग गरिने भएको छ। छोटेपा-दोबिल्ना हुँदै दाना सबस्टेशन जोड्ने ७.४ किलोमिटर दूरीको २२० केभी क्षमताको प्रसारण लाइन निर्माणको तयारी गरेको छ। दुवै आयोजना रन अफ द रिभर प्रकृतिका हुन्।

# वर्षाले घर भत्किएकालाई राहत

पोखरापत्र संवाददाता

दमौली, ९ कार्तिक

तनहुँको ऋषिङ गाउँपालिकाले वर्षाले घर भत्किएका गाउँवासीलाई राहत प्रदान गर्ने भएको छ। सोमबार बसेको गाउँ कार्यपालिकाको बैठकले गत वर्षात्को समयमा घर भत्किएकालाई राहत प्रदान गर्ने निर्णय गरेको हो। वर्षाले पूर्ण क्षति भएका घरधनीलाई रु ६० हजार, आंशिक क्षति भएकालाई रु ३० हजार र कम क्षति भएका परिवारलाई रु १५ हजारका दरले राहत प्रदान गर्ने निर्णय गरेको गाउँपालिकाका प्रवक्ता विजय दरैले जानकारी दिनुभयो।

गाउँपालिकाले गाउँ फर्क अभियानअन्तर्गत रु एक लाख अनुदान दिने भएको छ। कहीँ पनि घर नभएका ऋषिङका नागरिकलाई गाउँ फर्किए रु एक लाख अनुदान दिने निर्णय गरिएको हो। त्यसका लागि गाउँपालिकाले रु १५ लाख बजेट छुट्याएको छ।

बसाइँ सरेर गएका गाउँका नागरिकलाई फर्काउन यो कार्यक्रम ल्याइएको गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले जानकारी दिनुभयो। चालु वर्षमा १५ घर फर्किने पालिकाको अनुमान छ। सोहीअनुसार रु १५ लाख विनियोजन गरेर कार्यक्रम अघि बढाइएको श्रेष्ठले बताउनुभयो। तर अनुमानभन्दा बढी आए पनि रकम व्यवस्थापन गर्ने उहाँले जानकारी दिनुभयो। दोस्रो ऋषिङ म्याराथन, दोस्रो ऋषिङ अध्यक्ष कप, राष्ट्रपति रनिङशिल्ड र प्रथम उपाध्यक्ष कप प्रतियोगिता आयोजा गर्ने निर्णय गरिएको छ। यसैगरी कार्यालय सहयोगी र प्राथमिक तहका शिक्षकलाई तलब उपलब्ध गराउने निर्णय पनि गाउँपालिकाले गरेको छ।

जसअनुसार लेखापाललाई रु १६ हजार, इसिडी शिक्षकलाई रु १५ हजार, १-३ विद्यालयका कार्यालय सहयोगीलाई रु १० हजार, १-५ विद्यालयका कार्यालय सहयोगीलाई रु १२ हजार, १-८ विद्यालयका कार्यालय सहयोगीलाई रु १३ हजार र १-१२ विद्यालयका कार्यालय सहयोगीलाई रु १४ हजार प्रदान गरिनेछ।

# घुम्टेमा विश्वशान्ति पूजा

पोखरापत्र संवाददाता

बागलुङ, ९ कार्तिक

धार्मिक एवं पर्यटकीय गन्तव्यस्थल घुम्टेमा आउँदो बुधबार र बिहीबार विश्वशान्ति पूजा हुने भएको छ।

कात्तिक अष्टमी तिथि पारेर लघुरुद्री तथा लाखबत्ती प्रज्ज्वलनसमेत गर्न लागिएको गलकोट घुम्टे पर्यटन विकास केन्द्रले जनाएको छ। तीन हजार ११० मिटर उचाइको घुम्टेमा अवस्थित सिद्ध-भैरव मन्दिर परिसरमा वैदिक विधिपूर्वक पूजापाठ गरिने केन्द्रका अध्यक्ष झङ्कबहादुर बस्नेतले बताउनुभयो। विश्वशान्तिको कामनासहित केन्द्रले गत वर्षदेखि दसैं र तिहारबीचको अष्टमीमा पूजाको तिथि बसालेको हो। यज्ञ, पूजापाठ, सङ्कीर्तनलगायत धार्मिक अनुष्ठानका लागि सबै तयारी पूरा भएको अध्यक्ष बस्नेतले बताउनुभयो। लाखबत्ती प्रज्वलन गर्न चाहने भक्तजनका लागि बत्ती र पूजा सामग्रीको प्रबन्ध केन्द्रले नै गर्ने भएको छ। सो वापत सेवा दस्तुर भने भक्तजनले तिर्नुपर्नेछ। तीनसुते बत्तीका लागि रु २० हजार, पाँचसुतेका लागि रु २५ हजार र नौसुतेका लागि रु ३५ हजार दस्तुर निर्धारण गरिएको छ। "पूजा परम्पराले धार्मिक पर्यटक घुम्टे चढ्न आकर्षित हुने विश्वास लिइएको छ", अध्यक्ष बस्नेतले भन्नुभयो।

ऐतिहासिक सिद्ध-भैरवको मन्दिर रहेको घुम्टेमा वर्षेनी वैशाखे पूर्णिमाका अवसरमा विशेष पूजापाठ हुने गर्छ। मनोकांक्षा पूरा हुने विश्वासमा सिद्ध-भैरवको दर्शनका लागि हजारौं दर्शनार्थी सो दिन घुम्टे पुग्छन्। छिमेकी जिल्लाका धार्मिक पर्यटकसमेत घुम्टे चढ्न लालयित हुन्छन्। वैशाखे पूर्णिमामा मात्र नभएर अरु याममा पनि धार्मिक पर्यटकलाई घुम्टेमा आकर्षित गर्ने उद्देश्यले विश्वशान्ति पूजाको परम्परा बसालिएको केन्द्रका वरिष्ठ उपाध्यक्ष राज थापाले बताउनुभयो। कात्तिक, माघ र साउनमा बली नचल्ने हुँदा ती महिनामा वैदिक विधिपूर्वक पूजा हुने गरेको छ।

गलकोट नगरपालिका र ताराखोला गाउँपालिकाको सीमामा पर्ने पर्यटकीय लेक घुम्टे प्राकृतिक, धार्मिक र जैविक दृष्टिले महत्वपूर्ण मानिन्छ। त्यहाँको पर्यटन प्रवर्द्धनका लागि नयाँ वर्षमा गुराँस उत्सवसमेत आयोजना हुँदै आएको छ। रङ्गीचङ्गी गुराँसले वसन्त याममा घुम्टेको सौन्दर्य अझ बढी खुल्छ। घुम्टेबाट मनोरम भू-बनोट, हिमश्रृङ्खला, सूर्योदय र सूर्यास्तको मनमोहक दृश्य देख्न सकिन्छ। पदयात्राका सौखिनका लागि पनि घुम्टे उपयुक्त मानिन्छ। चारैतिरबाट घुम्टे चढ्न व्यवस्थित पदमार्ग बनेका छन्। गलकोट-५ टेउवासम्म सडकमार्फत पुगेपछि त्यहाँबाट पैदल अढाइ/तीन घण्टामा घुम्टे पुगिन्छ। वडा नं. ७ मल्म, १० पाण्डवखानीको सिद्धथान र ताराखोला गाउँपालिका हुँदै पनि घुम्टे चढ्न सकिन्छ। गण्डकी प्रदेश सरकारको ११० गन्तव्यस्थलमध्येमा सूचीकृत घुम्टलाई जोड्ने सडकमार्ग पनि निर्माणाधीन छ। टेउवादेखि तल्लो र उपल्लो घुम्टेबीचको देउरालीसम्म सडक पुऱ्याउन चार वर्षअघि काम थालिएको थियो। सडकदेखि अन्य पर्यटकीय पूर्वाधारमा सङ्घ, प्रदेश सरकार र स्थानीय तहको लगानी छ। घुम्टेलाई पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न केन्द्रको अगुवाईमा स्थानीयवासी कस्सिएका छन्।

पूर्वाधार र प्रचारप्रसार अभावमा ओझेलमा परेको घुम्टे विस्तारै पर्यटन क्षेत्रमा चिनिँदैछ। घुम्टेको विकास र प्रवर्द्धनमा सरकारी चासो पनि बढ्दो छ।

# म्याग्दी प्रशासनमा टोकन प्रणाली

पोखरापत्र संवाददाता

म्याग्दी, ९ कार्तिक

जिल्ला प्रशासन कार्यालय म्याग्दीमा टोकन प्रणाली सुरु गरिएको छ। सेवा प्रवाहलाई व्यवस्थित बनाउनका लागि टोकन प्रणाली सुरु गरिएको हो। प्रशासनमा सेवाग्राहीको चाप बढेपछि सेवाप्रवाहलाई व्यवस्थित बनाउन टोकन प्रणाली लागू गरिएको प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी रानाले जानकारी दिनुभयो।

सेवा लिनेलाई सहज बनाउन तीनवटा ठाउँबाट दिने सेवा एकै ठाउँबाट सेवाग्राहीलाई लिने व्यवस्था मिलाएको प्रजिअ रानाले बताउनुभयो। सेवाग्राहीको सहजताका लागि सहायता कक्ष राखेको छ। सहायता कक्षबाट प्रशासनमा पुगेका सेवाग्राहीको आवश्यक कागजपत्र र प्रक्रिया पुगे नपुगेको परिक्षण गरेपछि टोकन दिने नियम रहेको प्रशासनले जनाएको छ। दसैं तिहारको अवसरमा पढाइ र रोजगारको लागि काठमाडौं, पोखरा र प्रवासमा रहेका युवायुवती जिल्लामा फर्किएपछि बिदाको समयमा नागरिकता, पासपोर्ट र प्रतिलिपि बनाउन प्रशासनमा सेवाग्राहीको भिड छ।

# दर्ता गरेर मात्र व्यवसाय गर्न प्रशासनको निर्देशन

पोखरापत्र संवाददाता

तनहूँ, ९ कार्तिक

जिल्ला प्रशासन कार्यालय तनहुँले दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्न निर्देशन दिएको छ।

चाडपर्वका अवसरमा प्रशासनले सोमबार दमौली बजारका मिठाई पसलको अनुगमन गर्दै बिनादर्ता व्यवसाय नगर्न व्यवसायीलाई निर्देशन दिएको हो। दसैँको सुरुआतदेखि थालिएको बजार अनुगमनलाई प्रशासनले निरन्तरता दिएको छ। सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले दर्ता नगरी सञ्चालन भएका पसललाई दर्ता गर्न निर्देशन दिइएको जानकारी दिनुभयो। मिठाई पसलमा गरिएको अनुगमनका क्रममा व्यवसायीलाई सरसफाइमा ध्यान दिन सुझाव दिइएको छ। यसैगरी खानेकुरा पकाउन प्रयोग गरिएको तेल एकपटकभन्दा बढी प्रयोग नगर्न सचेत गराइएको बरालले जानकारी दिनुभयो। "अनुगमनका क्रममा केही पसलले एउटै तेल धेरैपटक प्रयोग गरेको पाइएकाले नष्ट गरिएको छ", उहाँले भन्नुभयो। सहायक प्रमुख जिल्ला अधिकारी बरालको नेतृत्वमा आन्तरिक राजश्व कार्यालय, घरेलु तथा साना उद्योग विकास कार्यालय, व्यास नगरपालिकालगायत कर्मचारीको सहभागितामा अनुगमन गरिएको छ। अनुगमनलाई निरन्तरता दिइने प्रशासनले जनाएको छ। चाडपर्वमा हुनसक्ने अनियमितता, कालोबजारी, बढी मूल्य असुली, मालसामानमा हुने गुणस्तरहीनतालगायत विषयमा सूचना लिई आवश्यकतानुसार स्थानीय तहसमेतको सहकार्यमा बजार अनुगमनलाई प्रभावकारी बनाइने प्रशासनले जानकारी दिएको छ।

